# खत्याड गाँउपालिका

# स्थानिय राजपत्र

## खत्याड गाँउपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| **खण्ड : १** | **संख्या : ७** | **मिति : २०७४/५/२७** |


# भाग १

### खत्याड गाउँपालिकाको
### सामुदायीक एफ.एम.रेडियो संचालन तथा प्रसारण नियमावली २०७४
(खत्याड गाँउपालिकाको प्रथम गाँउसभावाट मिति: २०७४/०३/३१ मा पारित)

**प्रस्तावना:**
आ.व. २०७४/७५ का लागि स्वीकृत निति तथा कार्यक्रम वमोजिम गाउँ कार्यपालिकाको कार्यालयबाट स्थापना तथा संचालनार्थ एक सामुदायुक रेडीयो संचालन तथा प्रशारण नियमावलि २०७४ वनाउन आवश्यक भएकाले गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को दफा ४ को अधिनमा रही खत्याड गाँउपालिकाको मिति २०७४/०३/३१ को प्रथम गाउसभावाट सामुदायीक रेडयो संचालन तथा प्रसारण नियमावली, २०७४ परित गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "सामुदायुक रेडीयो संचालन तथा प्रसारण नियमावलि २०७४" रहेको छ ।

यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले खत्याड गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "वडाध्यक्ष" भन्नाले खत्याड गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "कार्यकारी अधिकृत" भन्नाले गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाअध्यक्ष समेतलाई जनाउँछ ।

(छ) "सभा" भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(ज) "नियमावली" भन्नाले खत्याड गाउँपालिकाको सामुदायुक रेडीयो संचालन तथा प्रसारण नियमावलि २०७४ सम्झनुपर्छ ।

(झ) स्टेशन ईन्चार्ज भन्नाले सामुदायिक एफ.एम रेडियोको स्टेशन ईन्चार्जलाई सम्झनुपर्छ ।

(ञ) कर्मचारी प्रशासन नियमावलि भन्नाले सामुदायीक रेडीयो संचालनार्थ खटिने कर्मचरीहरुको प्रशासन संचालन तथा व्यवस्थापनका लागि वनाईने कर्मचारी प्रशासन नियमावलि लाई सम्झनुपर्छ ।

३) **सामुदायिक रेडियोको स्थापना तथा संचालन:** (१) खत्याड गाउँ कार्यपालिकावाट यसै नियमावलीमा भएको व्यवस्था बमोजिम आफ्नै स्वामित्वमा रहने गरि एक सामुदायिक एफ.एम. रेडियोको स्थापना, संचालन तथा व्यवस्थापन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको खत्याड गाउँ कार्यपालिकावाट स्थापना हुने सामुदायिक एफ.एम.रेडियो फ्रिक्वन्सीको स्थापना, संचालन तथा नविकरण कानुन वमोजिम सुचना तथा संचार मन्त्रालयको स्वीकृती पश्चात मात्र हुनेछ ।

## परिच्छेद २
## सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार शाखा

४) **सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपशाखा** (१) गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को दफा ४ (१) वमोजिम सामाजिक समिति अर्न्तगत एक सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपशाखा संचालनमा ल्याईनेछ ।

(२) उपनियम (१) बमोजिमको वमोजिम स्थापित सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपशाखाको प्रमुख जिम्मेवारी सामाजिक समितिको पुर्ण वैठकवाट गठित देहाय वमोजिम सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपसमितिका संयोजकको हुनेछ । सामान्यतथा यस नियमावलिको

अधीनमा रही एफ.एम. रेडियो संचालको सामान्य निर्देशन, नियन्त्रण र व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी समेत निजको हुनेछ ।

| | |
|---|---|
| (क) सभामा प्रतिनिधित्व गर्ने सामाजिक विकास समितिका सदस्य मध्येवाट सामाजिक विकास समितिको पुर्ण वैठकले तोकेको एक जना | - अध्यक्ष |
| (ख) आर्थिक विकास समितिका प्रतिनिधि एक जना | - सदस्य |
| (ग) वातावरण तथा विपद व्यवस्थापन विकास समितिका प्रतिनिधि एक जना | - सदस्य |
| (घ) सामुदायीक रेडियोका स्टेशन ईन्चार्ज एक जना | - सदस्य |
| (ङ) गांउ कार्यापालिकाको सुचना तथा प्रविधि अधिकृत एक जना | - सदस्य सचिव |

(३) उपनियम (२) वमोजिम स्थापित सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपसमितिको बैठकको कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षको निर्देशनमा सदस्य सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउने छ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्ये छानेको कुनै सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) बैठक बस्ने सूचना बैठक बस्नुभन्दा ७ (सात ) दिन अगावै दिनु पर्नेछ ।

(ग) बहुमत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(घ) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको बैठक कम्तिमा पनि महिनाको एक पटक बस्नेछ ।

(च) बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(छ) यस दफामा लेखिए बाहेक बैठकमा अपनाइने कार्यविधि समिति आफैंले व्यवस्था गर्न सक्नेछ ।

(४) उपनियम (२) वमोजिम स्थापित सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपशाखावाट तपशिल वमोजिमका कार्यहरु संचालन हुनेछन ।

क) आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमनका सम्वन्धमा निर्धारित प्रकृया कार्यान्वयनका लागि सामाजिक समितिमा शिफरिस

ख) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमनसम्वन्धमा निर्धारित प्रकृया कार्यान्वयनका लागि सामाजिक समितिमा शिफरिस

ग) एफ. एम. रेडियो संचालन, व्यवस्थापन तथा जिल्ला स्थित विभिन्न सरकारी तथा गैर–सरकारी कार्यालय, संघ–संस्था, उद्यमि–व्यवसायी, तथा अन्य क्षेत्रसंगको समन्वय र सहकार्यमा विभिन्न प्रकारका कार्यक्रमहरुको उत्पादन तथा प्रशारण ।

घ) आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन सम्वन्धमा निर्धारित प्रकृया कार्यान्वयनका लागि सामाजिक समितिमा शिफरिस

ङ) अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग

च) सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन

छ) बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानीसम्वन्धमा निर्धारित प्रकृया कार्यान्वयनका लागि सामाजिक समितिमा शिफरिस

ज) सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

झ) सामुदायीक रेडियो संचालनका लागि स्थानिय, प्रदेश र केनद्रिय सरकारबाट अनुदान रकम प्राप्त गर्ने

ञ) सामुदायीक रेडियाको आन्तरिक आम्दानी वढाउन जिल्ला स्थित सरकारी तथा गैर–सरकारी कार्यालय, विभिन्न संघ–संस्था, उद्यमि–व्यवसायी, तथा अन्य क्षेत्रसंगको समन्वय र सहकार्यमा नगदी, जिन्सी वा अन्य किसिमको सहायतता प्राप्त गर्ने ।

५) माथि जेसुकै लेखिएको भएतापनि नियम (४) को उपनियम (४) बमोजिमको कार्यहरु प्रचलित कानून तथा स्वीकृत नीति तथा निर्णय अनुरुप सञ्चालन भईरहेको छन छैनन निरीक्षण गर्ने, वडा समितिहरु बीच समन्वय गर्ने, विषयगत समिति/शाखा/कार्यालयलाई निर्देशन दिने र आवश्यकता अनुसार कामको प्रगति विवरण लिने कार्य गाँउपालिकाको अध्यक्षको जिम्मेवारीमा समेत रहनेछन ।

## परिच्छेद ३
## कर्मचारी व्यवस्थापन

**५. सांगठनिक संरचना सहितको कर्मचारी व्यवस्थाः** (१) सामुदायुक रेडीयो संचालन तथा प्रशारणका लागि निश्चित सांगठनिक संरचना सहितको कर्मचारी व्यवस्थापन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायीक रेडीयो संचालन तथा प्रशारणका लागि गरिने कर्मचारीहरुको प्रशासन संचालन तथा व्यवस्थापनका लागि एक कर्मचारी प्रशासन नियमावलि वनाई लागु गरिनेछ ।

(३) उपनियम (२) बमोजिम लागु भएको कर्मचारी प्रशासन नियमावलि वमोजिम कर्मचारीहरुको दरवन्दि सृजना, नियुक्ति, वृत्ति विकास तथा सुविधाहरु निर्धारण हुनेछन ।

(४) स्वीकृत दरबन्दीको आधारमा कर्मचारी प्रशासन नियमावलि वमोजिम निश्चित प्रक्रिया पूरा गरी गराई सामुदायिक एफ.एम. संचालन तथा व्यवस्थापनको प्रशासकिय प्रमुखको रुपमा एक जना स्टेशन ईन्चार्ज नियुक्त गर्न सकिनेछ । एफ.एम.रेडियोको आर्थिक क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम स्टेशन ईन्चाज नियुक्ति हुन नसकेमा कार्यपालिकाले कुनै कर्मचारीलाई स्टेशन ईन्चाजको थप जिम्मेवारी तोक्न सक्नेछ ।

**६. स्टेशन ईन्चार्जको काम कर्तव्य अधिकारः**

(क) सामुदायिक रेडियोको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी सामाजिक समिति र कार्यपलिका लाई सहयोग गर्ने,

(ख) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपसमितिको सबै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(ग) सामुदायिक रेडियोको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) सामुदायिक रेडियोवाट प्रशारण हुने सन्दर्भ सामाग्रीहरुको अन्तिम सम्पादन गर्ने, प्रमाणित गर्ने र जवाफदेहिता वहन गर्ने

(ङ) सामुदायिक रेडियोसंग सम्वन्धित सम्पुर्ण कर्मचारीहरुको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने । सामुदायिक रेडियोका सम्पुर्ण कामहरु सुचारु रुपमा संचालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरिवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्यांकन गर्ने गराउने, कामको मूल्यांकनको आधारमा कर्मचारीहरुलाई पुरस्कृत वा सजाय गर्ने आदि, ।

(च) गांउ सभा र गांउ कार्यपालिका, विषयगत समिति तथा सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपसमितिको नीति, निर्देशन एवं निर्णय कार्यान्वयन गर्ने गराउने,

(छ) कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमण को कार्यक्रम साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाई स्वीकृतिको लागि पेश गर्ने ।

## परिच्छेद ३
## आर्थिक व्यवस्थापन

**७) सामुदायिक एफ.एम.रेडियो विकास कोष स्थापना, व्यवस्थापन र संचालन :** (१) सामुदायिक एफ.एम.रेडियो संचालन, व्यवस्थापन र विकासका लागि स्टेशन ईन्चार्ज र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतवाट खाताको संचालन हुनेगरि एक सामुदायिक एफ.एम.रेडियो विकास कोष स्थापना गरिने छ ।

(२) उपनियम (१) बमोजिम स्थापित सामुदायिक एफ.एम.रेडियो विकास कोषमा देहायको रकम जम्मा हुनेछ :-

(क) गांउपालिकाको संचित कोषवाट प्राप्त हुने अनुदान रकम ।

(ख) प्रदेश तथा केन्द्रिय सरकारवाट प्राप्त हुने रकमहरु

(ग) दांतृ निकाय तथा अन्य संस्थाहरुवाट प्राप्त हुने नगद तथा वस्तुगत अनुदान/सहयोग । तर विदेशी दातृ निकायवाट नगद तथा वस्तुगत अनुदान/सहयोग प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य सहयोग ।

(ङ) सरकारी तथा गैरसरकारी संघ संस्था, निजि क्षेत्रसंगको समन्वय र सहकार्यमा कार्यक्रम तथा विज्ञापनहरु उत्पादन तथा प्रशारण गरे वाफत पाप्त हुने सेवा शुल्क

(३) सामुदायिक एफ.एम.रेडियो विकास कोषको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, कर्मचारी प्रशासन नियमावलि र यसै सामुदायीक रेडयो संचालन तथा प्रशासण नियमावली, २०७४ वमोजिम गर्नुपर्नेछ ।

**८. लेखा र लेखा परीक्षण :** (१) कोषको आय-व्ययको लेखा प्रचलित सरकारी लेखा प्रणाली अनुसार राखिनेछ । कोषको संचालन स्टेशन ईन्चार्ज र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण गांउपालिकाको कार्यालयवाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयवाट गरिनेछ ।

**९. निरीक्षण गर्ने अधिकारः** गाँउपालिकाको कार्यालयले कोषको हिसाव किताव सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जांच गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संबन्धित सवैको कर्तव्य हुनेछ ।

## परिच्छेद ४
## विविध

**१०. कार्यभार मुक्त भएपछि कागज फिर्ता गर्नुपर्नेः** जुनसुकै कारणबाट आफ्नो पदबाट मुक्त भएको समितिको सदस्य, स्टेशन ईन्चार्ज तथा अन्य कर्मचारीले समेत पदमुक्त भएको सात दिनभित्र आफ्नो जिम्मामा रहेका सम्पूर्ण कागजात, उपकरण तथा अन्य कुनै सम्पत्ति भए सो समेत तत्काल सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार उपसमिति मार्फत सामाजिक समिति हुदै कार्यपालिकामा बुझाई सोको निस्सा लिनु पर्नेछ ।

**११) प्रशारण सामाग्रीको उत्पादन तथा प्रशारण गर्न नहुने :** सामुदायीक रेडीयोले नेपाल सरकार, राष्ट्रीय तथा अन्तराष्ट्रीय सन्धी सम्झौताको प्रतिकुल हुने गरि अथवा कानुन विपरित प्रशारण सामाग्रीको उत्पादन तथा प्रशारण गर्न पाउने छैन । साथै समाजमा अशान्ति हुने, सामाजिक सद्भाव खल्वल्याउने र राजनितिक आक्षेप लाग्ने खालका सामाग्रीहरु समेत उत्पादन तथा प्रशारण गर्न पाउने छैन ।

**११) आचारसंहिताको पुर्ण पालना गर्नु गराउनु पर्ने :** सामुदायीक रेडीयो संचालनका सन्दर्भमा यस संग सम्वन्धित समिति, उपसमिति तथा कर्मचारीहरुले जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि स्वीकृत आचारसंहिताको पुर्ण पालना गर्नुपर्नेछ ।

**१२) विनियमको व्याख्या**: यस विनियमको व्याख्या गर्ने अन्तिम अधिकार साधारण सभाको हूनेछ ।

**१३) प्रशासकीय आदेश दिने अधिकार**: साधारण सभाको नीति तथा कार्यकारी समितिको निर्णय र निर्देशनको अधीनमा रही यस नियमावलि अन्तर्गतका आवश्यक प्रशासकीय आदेशहरू कार्यकारी निर्देशकले दिनछ ।

**१४) नियमावलि संशोधन**: यस नियमावलिका कुनै संशोधन, हेरफेर गर्नुपर्ने भएमा आवश्यकतानूसार कार्यपालिकाको प्रस्तावमा साधारण सभाले संशोधन गर्न, हटाउन वा थप्न सक्नेछ ।

**१५) निर्णयको अभिलेखः** (१) कार्यपालिकावाट हुने निर्णयका हकमा कार्यकारी अधिकृत कार्यपालिकाको बैठकमा उपस्थित हुनेछ र निजले कार्यपालिकाबाट भएका निर्णयको अभिलेख तयार गर्नेछ । अन्य समितिका हकमा समितिका सदस्य सचिवले समितिवाट हुने निर्णयको अभिलेख राख्नु पर्ने छ ।

(२) बैठकको निर्णयको अभिलेख छुट्टै निर्णय पुस्तिकामा राख्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निर्णय पुस्तिका कार्यपालिकाको हकमा कार्यकारी अधिकृत र अन्य समितिको हकमा सदस्य सचिवको को जिम्मामा रहनेछ ।

आज्ञाले,
मणिचन्द्र कार्की
कार्यकारी अधिकृत